# खप्तड छेडेदह गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## डोगडी,बाजुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

प.स. २०८१।०८२ मिति: २०८२।०१।२१

च.न.११०३

विषयः विपन्न लक्षित छात्रवृत्ति रकम पाउन योग्य विद्यार्थीहरूको नामावली प्रकाशन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरू सवै,

खप्तड छेडेदह गाउँपालिका, बाजुरा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र मिति २०८१।०१।१५ गते प्रकाशित सूचना अनुसार शैक्षिक सत्र २०८१ सालमा सामुदायिक विद्यालयहरूमा कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरूले भरेको PMT फारमका आधारमा कक्षा ६ र ९ का लागि लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीको विवरण यसै पत्र संलग्न गरि प्रारम्भिक नतिजा प्रकाशन गरिएको छ, यस सम्बन्धमा देहाय अनुसार गर्न गराउन हुन सबै सामुदायिक विद्यालयहरूमा अनुरोध गरिन्छ ।

१. शैक्षिक सत्र २०८१ सालमा कक्षा ५ मा फारम भरी छनौटमा परेका विद्यार्थीले शैक्षिक सत्र २०८२ सालमा नियमित रूपमा कक्षा ६ मा सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका (प्रथम क्वाईन्टाइलमा परेका छात्र छात्रा र दोस्रो क्वाइन्टाइलमा परेका छात्र छात्रा मात्र) विद्यार्थी यकिन गर्ने ।

२. शैक्षिक सत्र २०८१ मा कक्षा ८ मा फारम भरी छनौट भएका विद्यार्थीको हकमा देहायअनुसार विद्यार्थीको विवरण यकिन गर्ने,

   क. शैक्षिक सत्र २०८२ मा सार्वजनिक विद्यालयको कक्षा ९ मा अध्ययन गरिरहेका प्रथम क्वाइन्टाइलमा परेका सवै छात्रछात्रा,

   ख. शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयका कक्षा ९ मा प्राविधिक धारमा अध्ययन गरिरहेका दोस्रो क्वाइन्टाइलमा परेका सवै छात्रा र प्राविधिक धार अध्ययनरत छात्र समेत ।

३. माथि क्र.स. १ र २ अनुसार छात्रवृत्ति पाउने कक्षा ६ र ९ मा अध्ययनरत विद्यार्थीले वार्षिक रू ६ हजारका दरले छात्रवृत्ति वापतको रकम प्राप्त गर्नेछन ।उक्त प्रयोजनको लागि प्रत्येक विद्यार्थीको बैङ्क खाता २०८२ सालको जेष्ठको पहिलो हप्तासम्म खोल्ने व्यवस्था गर्ने ।

४. छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा भुक्तानी गर्ने व्यवस्था रहेको हुदाँ विद्यालयमार्फत छात्रवृत्ति पाउने विद्यार्थीको बैङ्क खाता खोली सोको विवरण IEMIS मा प्रविष्ट गर्न हुन ।

५. नतिजाको विवरण वडा र विद्यालयको सूचना पाटिमा टाँस गर्न हुन ।

नन्द बहादुर रावत
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: icto.chhededaha@gmail.com Web:www.chhededaha.gov.np